१) मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७६/०७७ को बजेट र निति तथा कार्यक्रम तयारीका निम्ति सम्पूर्ण वडाहरुमा २०७६ असार १ गते देखि ३ गते सम्म वडा तथा बस्ति भेलाहरु आयोजना गर्ने निर्णय गरियो

२) मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७६/०७७ को बजेट र निति तथा कार्यक्रम तयारीका लागि २०७६ असार ५ गते माननिय ज्यूहरु, गाउँपालिका स्तरिय राजनितिक दलका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाहरुको प्रमुखहरु र गाउँकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा अन्तरकृया तथा सुझाव संकलन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

३) आ.व. २०७६/०७७ को निती तथा कार्यक्रम तयार गरी गाउँसभामा पेश गर्न २०७६ असार ७ गते विहान ८:०० बजे गाउँकार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

४) निति तथा कार्यक्रम प्रस्तुत तथा छलफल गर्न २०७६ असार ८ गते विहान ११:०० बजे गाउँसभा बोलाउने निर्णय गरियो ।

५) आ.व.२०७६/७७ को बजेट तयार गरी गाउँसभामा पेश गर्न मिति २०७६ असार ९ गते विहान ८:०० बजे गाउँकार्यपालिकाको बैठक बोलाउने निर्णय गरियो ।

६) आ.व. २०७६/०७७ को बजेट प्रस्तुत तथा छलफल गर्न २०७६ असार १० गते विहान ११:०० बजे गाउँसभा बोलाउने निर्णय गरियो ।

७) आ.व. २०७६/०७७ को बजेट माथी छलफल गर्न २०७६ असार २० गते विहान ११:०० बजे गाउँसभा बोलाउने निर्णय गरियो ।

८) स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

१) प्र.प्र.अधिकृत खेमराज देवकोटा, संयोजक
२) शिक्षा शाखा, प्रमुख देव राज पौडेल, सदस्य
३) लेखा अधिकृत प्रवेश पौडेल, सदस्य
४) प्रशासन शाखा डिल्ली राम शर्मा, सदस्य
५) योजना तथा सामाजिक शाखा राम बहादुर थापा, सदस्य
६) हे.अ दिपक भोम्जन, सदस्य ( स्वास्थ्य कार्यालय लमजुङ)
७) महिला बिकास शाखा, धन कुमारी दुरा, सदस्य
८) स्वास्थ्य सह संयोजक अर्जुन न्यौपाने, सदस्य
९) स्वास्थ्य शाखा प्रमुख, रमानाथ घिमिरे, सदस्य सचिव

९) गाउँपालिका स्तरिय लागु औषध नियन्त्रण समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

१) अध्यक्ष, अर्जुन गुरुङ, अध्यक्ष-मर्स्याङ्दी गा.पा.
२) सदस्य, होम बहादुर बि.क., उपाध्यक्ष, मर्स्याङ्दी गा.पा.
३) सदस्य, रमानाथ घिमिरे, संयोजक, स्वास्थ्य शाखा, मर्स्याङ्दी गा.पा.
४) सदस्य, देव राज पौडेल, प्रमुख, शिक्षा शाखा, मर्स्याङ्दी गा.पा.
५) सदस्य, पूर्ण बहादुर थापा, प्रधानाध्यापक, श्री गणेश मा.वि., मर्स्याङ्दी - ९, सिम्पानी
६) सदस्य, सरस्वति गुरुङ, प्रधानाध्यापक, श्री पञ्च विचार प्रा.वि., मर्स्याङ्दी -८, भुलभुले ( महिला)
७) सदस्य, रामचन्द्र भण्डारी, प्रधानाध्यापक,संस्थागत विद्यालय (हिमचुली आ.मा.वि.)

८) सदस्य, (रिक्त) लागु औषध नियन्त्रणको क्षेत्रमा काम गर्ने संस्था

९)सदस्य,(रिक्त) लागु औषध प्रयोगकर्ताको उपचारमा तथा पुनर्स्थापना केन्द्र सञ्चालकहरु मध्येबाट

१०) सदस्य, जानकी थापा, स्थानिय आमा समुहहरु मध्येबाट ।

११) सदस्य, विष्णु गुरुङ, स्थानिय यूवा क्लवहरु मध्येबाट ।

१२) सदस्य, त्रिभुवन मा.वि.बाट स्थानिय वाल क्लवहरु मध्येबाट ।

१३) सदस्य, बेलिना थापा, स्थानिय सञ्चारकर्मीहरु मध्येबाट ।

१४) सदस्य, प्रमुख, खुदी प्रहरी चौकी (स्थानिय प्रहरी ईकाई प्रमुख)

१५) सदस्य सचिव, प्रमुख प्रशासकिय अधिकृत

१०) ससर्त बजेट तर्फबाट निम्नानुसारका सामुदायिक सिकाई केन्दहरुलाई निम्नानुसार बजेट उपलब्ध गराउने निर्णय गरियो ।

- नरदेवी सिकाई केन्द्र, मर्स्याङ्दी - ३, रु.१,२५,०००।-
- लालीगुराँस सिकाई केन्द्र, मर्स्याङ्दी - ८, रु.१,२५,०००।-
- पुस्तुन सिकाई केन्द्र, मर्स्याङ्दी - ६, रु.१,२५,०००।-

११) शिक्षकको शिक्षण सिकाईमा विताउने समयअवधि योजना कार्यन्वयन शिर्षकमा भएको रकम रु.१०,०००।- महेन्द्रदेव मा.वि., मर्स्याङ्दी - ७ लाई उपलब्ध गराउने निर्णय गरियो ।

१२) टिच फर नेपाल सँगको सहकार्य/गतिविधि/प्रगति बारे छलफल गर्न गाउँकार्यपालिका, सम्बन्धित विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्ष, टिच फर नेपालका प्राज्ञार्थी शिक्षकहरु र प्रतिनिधिहरु सहित मिति २०७६ असार १२ गते १ दिने कार्यशाला गोष्ठि आयोजना गर्ने निर्णय गरियो ।

१३) राष्ट्रपति कप २०७६को लागि मर्स्याङ्दी गाउँपालिकाबाट छनौट भई विभिन्न प्रतियोगितामा भाग लिन जाने झण्डै ६१ जना विद्यार्थीहरुको पोषाक, यातायात, खाना बस्नको लागी कार्यक्रम खर्च (२२५२२) अन्तर्गतको अन्य कार्यक्रम खर्च शिर्षकमा रहेको रु.३५०,०००।- बाट खर्च गर्ने निर्णय गरियो ।

१४) मिति २०७६/१/१७ को कार्यपालिकाको ३९ औं बैठकको निर्णय नं. ५ बमोजिम खुदी-रोप्लेफाँट-नायू-घनपोखरा सडक, खुदी-शिउरुङ-स्याङ्गे सडक, डादी-उस्ता वराहपोखरी सडकको डिपीआरको लागि सुचना प्रकासित गरि आसय पत्र आव्हान गरिएकोमा प्राप्त आसयपत्रहरु मध्ये देहायका परामर्शदाताहरुको आसय पत्रले प्राविधिक तथा आर्थीक प्रस्तावमा सवै भन्दा वढी अंक प्राप्त गरेकाले गाउँपालिकाबाट मिति २०७६/२/२९ मा स्वीकृत आसयपत्रहरुलाई अनुमोदन गरी सम्झौताको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

| सडकको नाम | आसयका स्वीकृत परामर्श दाताको नाम |
|---|---|
| १. खुदी-रोप्लेफाँट-नायू-घनपोखरा सडक | न्यू प्लानेट ईन्जिनियरिङ सर्भिस प्रा.लि., काठमाण्डौ |
| २. खुदी-शिउरुङ-स्याँगे सडक | सितारा/ईन्जिनियरको घर प्रा.लि., काठमाण्डौ |

३. डादी-उस्ता बराहपोखरी सडक सिभिल लिडक ईन्जिनियरिङग् कन्सल्टेन्ट/ग्रुप अफ ईन्जिनियरिङ कन्सलटियम

१५) मिति २०७६/१/१७ को कार्यपालिका बैठकबाट डिपिआरको लागि छुट्टयाइएको रकम मध्ये खुदी रोप्लेफाँट-नायू-घनपोखरा सडकको डिपिआरको छुट्टयाएको रकममा रु.६,००,०००।- (रु ६ लाख मात्र) बचत हुने देखिएकोले उक्त रकम देहाय बमोजिमको सडक तथा खानेपानी आयोजनाको डिपिआरको लागि रकमान्तर गर्ने निर्णय गरियो ।

क) खुदी-शिउरुङ-स्याङ्गे सडकमा रु. ६०,०००।-

ख) डादी-उस्ता-बराहपोखरी सडकमा रु.३,१५,०००।-

ग) मर्स्याङ्दी - ९ खानेपानी डि पी आर मा रु. १,००,०००।-

१६) यस आर्थिक बर्ष २०७५/०७६ को बजेट तथा योजना कार्यन्वयन तथा प्रशासनिक काम कारवाहीलाई प्रभावकारी बनाउन र यस गाउँपालिकाबाट जारी भएका ऐन, नियम, निर्देशिकाहरु कार्यान्वयनको क्रममा गठन भएका योजना फरफारक समिति लगायत अन्य समिति, उप-समितिको बैठक बसे वापतको नेपाल सरकारको नियमानुसारको वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१७) प्रस्ताव पत्रको आधारमा निम्न संस्थाहरुलाई आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

- कारागार कार्यालय, लमजुङलाई खानेपानी व्यवस्थापनको निम्ति रु. .......।
- खुदी प्रहरी चौकीको गाडी मर्मतका निम्ति रु.३८,०००।-
- बाहुनडाँडा प्रहरी चौकीलाई रु. २०,०००।-

१८) आगामी आ.व. २०७६/०७७ को लागि वडागत रुपमा पूर्वाधार निर्माणको लागी योजनाहरु प्रस्ताव गर्न निम्नानुसार बजेट सिलिङ निर्धारण गर्ने निर्णय गरियो ।

- वडा नं. १ - रु. ६१,०००००।-
- वडा नं. २ - रु. ८५,००,०००।-
- वडा नं. ३ - रु. १,३८,००,०००।-
- वडा नं. ४ - रु. १,१२,००,०००।-
- वडा नं. ५ - रु. १,०३,००,०००।-
- वडा नं. ६ - रु. १,०४,००,०००।-
- वडा नं. ७ - रु. ९४,००,०००।-
- वडा नं. ८ - रु. ८५,००,०००।-
- वडा नं. ९ - रु. १,१८,००,०००।-

१९) यस आ.व.को लागि विनियोजित निम्न योजनाहरुको रकम निम्नानुसार विभिन्न योजनाहरुमा रकमान्तर गर्ने निर्णय गरियो ।

क) सिपमुलक तथा क्षमता विकास तालिमबाट रु. ३०,०००।- मर्स्याङ्दी गाउँपालिका - ८ का गुडिया बुन्ने तालिम प्राप्त गरेकाहरुलाई गुडीया बुन्ने मेसिन खरिद अनुदानमा रकमान्तर गर्ने ।

ख) मर्स्याङ्दी गाउँपालिका - ३ को कृषि तर्फको पूर्ण अनुदानमा चिया नर्सरी स्थापनामा विनियोजित रु.३०,००० र अनुदानमा तरकारी प्याकेज प्रदर्शन, वितरण, ढुवानी

सहितको रु.८५,०००।- गरी जम्मा रु.१,१५,००००।- लाई चिया विरुवा वितरणमा रकमान्तर गर्ने ।

ग) थुमा साटासाट कार्यक्रमको रु.६,०००।-, नर्सरी व्यवस्थापन स्थलगत विज्ञ सहजकर्ताको रु.२०,०००।-, पशुपंक्षी तथ्याङ्क संकलनको रु.१५,०००।- र व्यवसायीक बाखापालन ७ दिने तालिमको रु.९,०००।- गरी जम्मा रु.५०,०००।- लाई घुम्ती गोठको लागि त्रिपाल वितरणमा रकमान्तर गर्ने निर्णय ।

घ) प्रोवि जिम्दो विद्युतिकरणमा विनियोजित रकम रु.१०,००,०००।- बाट मर्स्याङ्दी - ३, बुद्धबजार स्थित नवनिर्मित ह्युलसङ गुम्बा संरक्षणको नजिक खोल्सामा ग्याबियत पर्खाल निर्माणका लागि रु.५०,०००।- र मर्स्याङ्दी - ३ भुलभुले बजार माथीको पहिरो रोकथामको लागि रु.५०,०००।- खर्च गर्ने गरी **वडा नं.३ को विविध भुसंरक्षण** शिर्षकमा जम्मा रु.१,००,०००।- रकमान्तर गर्ने निर्णय गरियो ।

ङ) माछा प्रवर्द्धन कार्यक्रम अन्तरगतको मर्स्याङ्दी - २ को माछापालनको लागि भौतिक पुर्वाधार व्यवस्थापनमा विनियोजित रकम रु.८०,०००।- लाई माछाको भुरा खरिदमा रकमान्तर गर्ने निर्णय गरियो ।

च) पदाधिकारी बैठक भत्तामा विनियोजित रकम रु. ४,९०,०००।- अन्य भत्तामा रकमान्तर गर्ने निर्णय गरियो ।

छ) अन्य सेवा शुल्कमा विनियोजित रकम रु.५,००,०००।- अनुगमन मूल्याङ्कनमा रकमान्तर गर्ने निर्णय गरियो ।